# प्रदेश राजपत्र


कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, चैत्र २७ गते, २०८२ साल (अतिरिक्ताङ्क ३९


## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन नं. ५

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८२

<u>प्रस्तावनाः</u> प्रदेश अनुसन्धान तथा प्रतिष्ठान ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले;

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "**प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (प्रथम संशोधन) ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश अनुसन्धान तथा प्रतिष्ठान ऐन, २०७९ को दफा २ मा संशोधनः</u> प्रदेश अनुसन्धान तथा प्रतिष्ठान ऐन, २०७९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) झिकिएको छ।

३. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को;

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको,

(ग) सार्वजनिक प्रशासन, कानून, विकास व्यवस्थापन, अर्थशास्त्र, राजनीतिशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा अन्य यस्तै प्रकारका विषयमा कम्तीमा दश वर्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसन्धानमूलक कार्य गरेको वा सरकारी सेवामा कम्तीमा पन्ध्र वर्षसम्म सेवा अनुभव प्राप्त गरेको,

(घ) पैँतिस वर्ष उमेर पूरा भएको,

(ङ) नियूक्ति हुँदाका बखत नैतिक पतन देखिने फौजदारी अभियोग वा भ्रष्टाचारजन्य मुद्दामा अदालतबाट कसुरदार नठहरिएको वा भ्रष्टाचारजन्य मुद्दामा अभियोग लागि अदालतमा मुद्दा विचाराधीन नरहेको,

(च) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्यता नलिएको,

(छ) नियुक्ति हुँदाका बखत कुनै विदेशी मूलुकको स्थायी आवासीय अनुमति नलिएको।"

(२) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

४. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा, वा"

५. <u>मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. <u>प्रतिष्ठानका कर्मचारी तथा पदपूर्ति सम्बन्धमाः</u> (१) प्रतिष्ठानमा दफा १० को उपदफा (१) बमोजिम परिषद्ले स्वीकृत गरेको सङ्गठन तथा व्यवस्थापन

सर्वेक्षण प्रतिवेदन बमोजिमको आवश्यक कर्मचारी रहनेछन्।

(२) प्रतिष्ठानको दरबन्दी अनुसार कर्मचारी भर्ना नियुक्ति तथा कर्मचारीको बढुवा तोकिए बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका कर्मचारीको पारिश्रमिक सेवाका सर्त तथा सुविधा सरकारले तोकेको वा प्रदेश कानूनले तोके बमोजिम हुनेछ।

(४) प्रतिष्ठानका कर्मचारीको स्थायी नियुक्ति तथा बढुवा लगायतका विषयमा सिफारिस गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको प्रदेश लोक सेवा आयोगको सदस्य | -अध्यक्ष |
| (ख) | प्रतिष्ठानको कार्यकारी निर्देशक | -सदस्य |
| (ग) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सचिव | -सदस्य |
| (घ) | परिषद्को अध्यक्षले तोकेको सम्बन्धित विषय विज्ञ | -सदस्य |
| (ङ) | अधिकृतस्तर नवौं तह वा सो सरहको कर्मचारी | -सदस्य सचिव |

(५) प्रतिष्ठानमा नयाँ कर्मचारी भर्नाका लागि यस ऐन बमोजिमको पदपूर्ति समितिले आफ्नो कार्यविधि आफैं निर्धारण

गर्न सक्नेछ र त्यसरी निर्धारण गर्दा प्रदेश कानूनलाई समेत आधार मान्नु पर्नेछ।

तर सवारी चालक, कार्यालय सहयोगी, माली, चौकिदार, इलेक्ट्रिसियन, प्लम्बर तथा सरसफाई जस्ता कामको लागि स्थायी पदपूर्ति नगरी सेवा करारबाट लिनुपर्नेछ।

(६) प्रतिष्ठानको रिक्त दरबन्दीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती सेवाको उपयुक्त कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

(७) कर्मचारी तथा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

प्रमाणीकरण मितिः- २०८२/१२/२७

आज्ञाले,
अस्मान तामाङ
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश